# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।२० गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका वडा नं. १३ मा रहेको जग्गा हालसाविक गरी नयाँ पूर्जा बनाउने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले नापी कार्यालय कलंकी, ३ नं. नापी टोली पुरानो नैकापमा कार्यालय सहयोगी (करार) पदमा कार्यरत एकेन्द्र बहादुर कुँवरलाई सेवाग्राहीबाट रु.१३,०००।–(तेह्र हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा नापी कार्यालय कलंकी, ३ नं. नापी टोली, पुरानो नैकापमा कार्यरत कार्यालय सहयोगी (करार) एकेन्द्र बहादुर कुँवरले भूमिसुधार तथा मालपोत कार्यालय, कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १३ (साविक पुरानो नैकाप वडा नं.८ख) को जग्गा हालसाविक गरी/गराई जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन आवश्यक सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत बापत रु.१३,०००।–(तेह्र हजार रुपैंयाँ) माग गरी लिएको देखिएबाट निज एकेन्द्र बहादुर कुँवरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.१३,०००।–(तेह्र हजार रुपैंयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवानाको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल